२१. मूल ऐनको दफा ५३ मा संशोधनः– मूल ऐनको दफा ५३ मा रहेको "अधिनियम" भन्ने शब्दको सट्टा "परिनियम" भन्ने शब्द राखिएको छ ।

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०२३ सालको ऐन नं. १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपाल श्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### औद्योगिक व्यवसाय ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– औद्योगिक व्यवसाय ऐन, २०१८ (यस पछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय (तेस्रो संशोधन) ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल ऐनको दफा ६ मा संशोधनः– (१) मूल ऐनको दफा ६ को उप–दफा (१) मा निम्न-लिखित प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

तर, श्री ५ को सरकारले खास औद्योगिक उद्देश्य नभएको भनी नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकी दिएको उद्योगहरूलाई यो उप–दफा बमोजिमको सुविधा प्राप्त हुने छैन ।

(२) मूल ऐनको दफा ६ को उप–दफा (४) पछि देहायको उप–दफा (५) थपिएको छः–

(५) यो ऐन लागू हुनु भन्दा अगावै रजिष्टर्ड भई चालू भई रहेको उद्योगहरूले आफ्नो चुक्ता पूँजिको ५० प्रतिशत वा सो भन्दा बढी पूँजि लगानी गरी आधुनिकरण गरेमा वा विस्तार गरेमा त्यस्ता उद्योगहरूलाई उद्योग समिति–को सिफारिशमा श्री ५ को सरकारले सो आधुनिकरण वा विस्तार गरी चलाएको मिति देखि १० वर्षसम्मलाई आय–कर मिनाहा दिन सक्ने छ ।

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२१